कर्णाली प्रदेश सरकार

मा. कृष्ण बहादुर जि.सी.
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत
नेपाल

# प्रेस विज्ञप्ति

संवत २०७९ साल मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनबाट प्राप्त जनादेश अनुसार २०७९ पुस २८ गते माननीय मुख्यमन्त्री राजकुमार शर्माको नेतृत्वमा कर्णाली प्रदेश सरकार गठन भएको थियो । मिति २०८० बैशाख ०९ गते माननीय मुख्यमन्त्री राजकुमार शर्मा नेतृत्वको प्रदेश सरकारले कार्य प्रारम्भ गरेको एक सय दिन पूरा भएको छ ।

विभिन्न राजनीतिक दलको सहभागितामा माननीय मुख्यमन्त्री नेतृत्वमा प्रदेश सरकार गठन भएकोमा समृद्ध कर्णाली सुखारी कर्णालीबासीको दीर्घकालीन सोच पुरा गर्ने विषयमा दृढतापूर्वक लागिरहेको छ । माननीय मुख्यमन्त्रीले कार्यभार सम्हाले लगत्तै प्रदेशको कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन सचिवज्यूलाई ६१ बुँदे निर्देशन दिनुभएको थियो । उक्त निर्देशनको अहिले कार्ययोजना तयार गरी कार्यान्वयन भइरहेको छ । उत्पादन, रोजगारी, पूर्वाधार र समृद्धिलाई एकीकृत र समन्वयात्मक अधि बढाउन कर्णाली समृद्धिको मार्गचित्र सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरिएको छ । कर्णाली प्रदेश प्रशिक्षण सम्बन्धी विधयेक प्रदेश सभामा प्रस्तुत गरिएको छ । अन्य महत्वपूर्ण कानूनहरु मस्यौदाको क्रममा छन्।

यस अवधिमा समृद्ध कर्णालीको मार्गचित्रलाई अघि बढाउने आधार तयार गरिएको छ । यस अवधिमा प्रदेश सरकारले गरेका महत्वपुर्ण कार्यहरु र प्राप्त उपलब्धिहरुको सारसंक्षेप सार्वजनिकीकरण गरिएको व्यहोरा अनुरोध छ ।

मितिः २०८०/०१/१०

मन्त्री / प्रवक्ता
मन्त्री

वेबसाइट: moial.karnali.gov.np, इमेल: moial@karnali.gov.np, फोन नं.: 083-525750

# मानननीय मुख्यमन्त्री राजकुमार शर्मा नेतृत्वको प्रदेश सरकार गठन भएको एक सय दिन पूरा भएको अवसरमा कर्णाली प्रदेश सरकारले सम्पादन गरेका प्रमुख कार्यहरु र प्राप्त उपलब्धिहरुको सारसंक्षेप

कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

**२०८० बैशाख १०**

संवत २०७९ साल मंसिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनबाट प्राप्त जनादेश अनुसार २०७९ पुस २८ गते माननीय मुख्यमन्त्री राजकुमार शर्माको नेतृत्वमा कर्णाली प्रदेश सरकार गठन भएको थियो। मिति २०८० बैशाख ०९ गते माननीय मुख्यमन्त्री राजकुमार शर्मा नेतृत्वको प्रदेश सरकारले कार्य प्रारम्भ गरेको एक सय दिन पूरा भएको छ। माननीय मुख्यमन्त्रीले कार्यभार सम्हाले देखि प्रदेश सरकारको कामकारवाहीलाई कर्णालीबासीको अपेक्षा अनुसार बनाउन सचिवहरुलाई दिइएको ६१ बुँदे निर्देशन र प्रदेश सभालाई गर्नुभएको सम्बोधन लगायतका आधारमा एकीकृत तथा रणनीतिक कार्ययोजना बनाई प्रदेश सरकार अगाडी बढिरहेको छ। एक सय दिनको अवधिमा प्रदेश सरकारले सम्पादन गरेका प्रमुख कार्यहरु र प्राप्त उपलब्धिहरुको सारसंक्षेप देहायबमोजिम छ।

१. मन्त्रिपरिषद्को ८ वटा बैठकबाट २७ वटा निर्णय भएको छ। कर्णाली प्रदेश सुशासन नियमावली, एकीकृत वस्ती विकास कार्यक्रम सञ्चालन नियमावली, प्रदेश औद्योगिक व्यवसाय नियमावली, विपद् जोखिम विरुद्ध सामुहिक दुर्घटना बीमा कार्यक्रम सञ्चालन कार्यविधि र आयोजना सूचना व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका स्वीकृत गरिएको, कर्णाली प्रदेश सडक विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमती दिइएको र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान (स्थापना र सञ्चालन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक र कर्णाली प्रदेश खेलकूद विकास ऐन सम्बन्धी संशोधन विधयेक प्रदेश सभामा पेश गरिएको छ। मन्त्रिपरिषद् बैठक प्रत्येक बुधवार बस्ने र प्रमाणीकरण र सञ्चार समयमा गर्ने व्यवस्था मिलाइएको छ।
२. प्रदेश सरकारको विगतको अनुभव तथा सिकाईलाई समेत मध्यनजर गर्दै आगामी कार्यदिशालाई अझ बढी स्पष्ट र व्यवस्थित गर्न मन्त्रालयहरुलाई ६१ बुँदे निर्देशन दिई सोको कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन भईरहेको छ।
३. प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न तहका ६१ पदनामका ९७१ पदको लागि विज्ञापन भएको, ४ पदनामका १२६ उम्मेदवार छनौट गरी सिफारिस गरिएको, १६ वटा पदनामको लिखित परीक्षा सम्पन्न भएको, २ वटा पदनामको प्रथम चरणको लिखित परीक्षाको नतिजा प्रकाशन भएको, एउटा पदनामको लिखित परीक्षाको अन्तिम नतिजा प्रकाशन भएको र अन्य पदहरुको परीक्षा कार्यक्रम कार्यतालिका अनुसार निरन्तर रुपमा चलिरहेको छ।
४. नारायण नगरपालिका, सीम्ता गाउँपालिका, लेकबेशी नगरपालिका र नौमुले गाउँपालिकाको आवधिक योजना निर्माणको लागि समझदारी पत्र (MoU) गरी आवश्यक कार्य अघि बढाइएको छ।
५. ४०७ जना जनप्रतिनिधि र १६५ जना कर्मचारीलाई विभिन्न क्षमता विकास सम्बन्धी अभिमुखीकरण तथा प्रशिक्षण सञ्चालन गरिएको छ।

६. संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार पददर्ता गरी प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका कर्मचारीको सिटरोल दर्ता लगायतको कार्य अघि बढाइएको छ।

७. प्रदेश निजामति सेवाको गठन तथा सञ्चालन सम्बन्धी  विधयेकको मस्यौदा तयार गरी राय सहमतिका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लोक सेवा आयोगमा पठाइएको छ।

८. हाम्रा कुरा हाम्रा मुख्यमन्त्री कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरी जनता गुनासो तथा जिज्ञासाको समयमा नै सम्बोधन गर्न सो सम्बन्धी प्रणालीलाई थप स्तरोन्नति र सुधार गरिएको छ। प्राप्त गुनासोहरु मध्ये ३६ वटा फछ्र्यौट र २७ वटा फछ्र्यौटको प्रकृयामा रहेका छन।

९. चालु आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रमको अर्धवार्षिक समिक्षा गरी पुस्तिका प्रकाशन गरिएको छ। कर्णाली प्रदेश सरकारको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको २०७९ चैत्र मसान्त सम्मको प्रगति समीक्षा सम्पन्न गरिएको छ। गत वर्षको तुलनामा यो वर्षको सोही अवधिको वित्तीय तथा भौतिक प्रगतिमा बढोत्तरी भएको छ। २०७९ चैत्र मसान्त सम्म प्रदेश सरकारको कूल विनियोजित बजेट मध्ये चालु तर्फ ९२.९६ प्रतिशत र पूजीगत तर्फ २२.१२ प्रतिशत गरी जम्मा २६.४७ प्रतिशत प्रगति भएको छ।

१०. आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानीय तहमा हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदान र सवारी साधन कर (राजस्व बाँडफाँट) को अनुमानित विवरण स्थानीय तहलाई उपलब्ध गराइएको छ।

११. प्रदेश सरकार स्थापना भए देखि आर्थिक वर्ष २०७७/०७८ सम्मको महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण हुँदा कायम भएको बेरुजु रकम कर्णाली प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी बेरुजु अद्यावधिक गरिएको छ।

१२. लेखा समूहका कर्मचारीहरुको सरुवालाई व्यवस्थित गर्न सरुवा सम्बन्धी मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

१३. विभिन्न शिर्षकहरुमा विनियोजित बजेट मध्ये २०७९/१०/२६ गतेसम्म खर्च नभई बाँकी बजेटको २० प्रतिशत खर्च कटौती गर्ने निर्णय गरिएबमोजिम खर्च शिर्षक नं. २२५२२ कार्यक्रम खर्च अन्तरगत रहेका कार्यक्रम मध्ये सुरुवात नभएका कार्यक्रम नगर्ने साथै दायित्व सिर्जना भइ सकेको अवस्थामा बाहेक मेशिनरी औजार, फर्निचर फिक्चर्स र सवारी साधन खर्च शिर्षकमा विनियोजित बजेट खर्च नगर्ने  निर्णय  गरिएको छ। यसले अनावश्यक चालुखर्चको बढोत्तरीमा नियन्त्रण गर्नेछ।

१४. आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट तर्जुमा समिति गठन गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया अघि बढाइएको छ।

१५. कर्णाली प्रदेशमा वार्षिक १० हजार रोजगारी सिर्जना गर्ने सम्बन्धमा अध्ययन गर्न आर्थिक मामिला तथा योजना सचिवको संयोजकत्वमा कार्यदल गठन गरी कर्णाली समृद्धिको मार्गचित्र तयार गर्न जिम्मेवारी दिएकोमा उक्त कार्यदलको प्रतिवेदन प्राप्त भएको छ । यसलाई कार्यान्वयन गर्ने गरी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई निर्देशित गरिनेछ । यस सम्बन्धमा तत्कालका लागि कर्णाली प्रदेशका बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलनको कार्यका लागि सफ्टवयेर प्रणाली स्थापना गर्ने कार्य प्रारम्भ भएको छ।

१६. आर्थिक वर्ष २०८०/०८१ मा स्थानीय तहमा हस्तान्तरण गरिने समपूरक र विशेष अनुदानका आयोजनाहरुको सम्बन्धमा प्रस्ताव आह्वान गरी स्थानीय तहबाट अनलाइन प्रणालीबाट आयोजनाहरु प्राप्त गरिएको छ।

१७. प्रदेश अस्पतालको तला थप, जिल्ला कृषि कार्यालय रुकुम पश्चिमको भवन र अइरेनि सिचाई आयोजना जुम्ला गरी तीनवटा वहुवर्षीय आयोजना स्वीकृति गरिएको छ।

१८. वजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सङ्केतीकरण श्रोत पुस्तिका, २०७९ प्रकाशन गरिएको छ। दिगो विकास लक्ष्य कार्यान्वयन सन्दर्भमा प्रदेशस्तरीय समीक्षा कार्यक्रम सम्पन्न गरिएको छ।

१९. वहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनको लागि मुगु जिल्लामा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ।

२०. गत वर्ष दायित्व सृजना भएका योजना तथा कार्यक्रमको बजेट चालु आर्थिक वर्षमा रकमान्तर गरी भुक्तानी गर्ने व्यवस्था मिलाईएको छ। आगामी दिन यस्तो हुन नदिन योजना तर्जुमालाई व्यवहारिक र कार्यान्वयनयोग्य बनाउने र अनुगमनलाई तिव्रता दिई थप सजगता अपनाइनेछ।

२१. मुगु र रुकुम पश्चिममा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुको साईट कार्यालय स्थापना गरिएको छ । राष्ट्रिय प्राथमिकता प्राप्त र प्रदेश गौरवका आयोजनाका लागि वन र राष्ट्रिय निकुञ्जको जग्गा प्रयोगमा सहजीकरणका लागि विकास निर्माणमा समस्या सिर्जना गर्ने वन ऐन तथा नियमावली समयानुकुल संशोधन वा परिमार्जन गर्न नेपाल सरकारलाई अनुरोध गरिएको छ। जडिबुटी विकास, महिला कृषिवन जस्ता बहुआयमिक कार्यक्रमहरु संचालन गरिएको छ।

२२. मुगुको रारा, रुकुमको खारा, कालिकोटको पिलि, पचाँलझरना र त्रिवेणी पाटनको पर्यापर्यटकिय पूर्वाधार विकासको लागी वहुवर्षीय आयोजना स्वीकृत भई कार्यान्वयन भइरहेको छ। २ वटा टुर एण्ड ट्राभल एजेन्सी, २ वटा साहसिक पर्यटन र १२ वटा गाइड प्रमाणीकरण गरिएको छ।

२३. सामूहिक विपद् जोखिम दुर्घटना वीमा कार्यविधि, २०७९ पारित भई कर्णाली प्रदेशमा स्थायी बसोबास भएका र अन्य प्रदेशमा स्थायी बसोबास भई कर्णाली प्रदेशभित्रका सरकारी तथा गैर-सरकारी क्षेत्रको सेवामा कार्यरत १७ लाख ५० हजार नेपाली नागरिकको प्राकृतिक विपद्को कारणबाट हुने मानवीय क्षतिको सामुहिक विपद् दुर्घटना बीमा गरिएको छ।

२४. कर्णाली प्रदेश बहुप्रकोपीय विपद्को उच्च जोखिमको क्षेत्र रहेको परिप्रेक्ष्यमा विपद् व्यवस्थापन कार्यमा ठोस उपलब्धि हासिल गर्न विपद् व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सरकारी तथा विकास साझेदारसँग समन्वयकारी भूमिका स्थापना गरिएको छ।

२५. प्राकृतिक प्रकोप एवं विपद् जोखिम सचेतना तथा अभिमुखीकरण कार्यक्रम, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन र पूर्व तयारी सम्बन्धि प्रदेशस्तरिय कार्यक्रमहरु सम्पन्न भएको। कर्णाली प्रदेशको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ स्वीकृत भई कार्यान्वयनमा रहेको छ।

२६. प्रदेश प्रहरीको गठन, संचालन तथा प्रदेश सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन कर्णाली प्रदेश प्रहरी विधेयकमाथि विभिन्न सरोकारवाला तथा विषय विज्ञसँग छलफल गरी मस्यौदा तयार गरिएको छ।

२७. कानूनी राय माग गर्ने कार्यलाई एकीकृत बनाई अनावश्यक रुपमा राय माग गर्ने कार्यलाई निस्तेज गर्न कानूनी राय माग गर्दा पालना गर्नुपर्ने कानूनको ढाँचा निर्माण गरी सबै मन्त्रालयलाई परिपत्र गरिएको छ।

२८. प्रदेश सरकारले आफ्नो धर्म, संस्कृति तथा रितिस्थिती समेतलाई दृष्टिगत गरी वि.सं. २०८० मा दिने सार्वजनिक विदा सम्बन्धी निर्णय गरेको छ।

२९. कर्णालीमा एकीकृत सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयनको समन्वय भईरहेको छ। यसै सिलसिलामा केन्द्रिय निकायसँगको समन्वय र सरोकारवालाको सहभागितामा संयुक्त सुरक्षा गोष्ठि सम्पन्न भएको छ।

३०. द्वन्द्व पीडित घाइतेहरुको निशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाइएको छ। सो कार्यक्रम कार्यान्वयनका लागि प्रदेश अस्पताल सुर्खेत, विर अस्पताल काठमाण्डौ र ट्रमा सेन्टर काठमाण्डौंसँग सम्झौता भई द्वन्द्व पीडित घाइतेहरुले उपचारको सुविधा लिएका छन्। जनयुद्ध जनआन्दोलन तथा प्रदेश प्राप्तिको आन्दोलनको क्रममा घाइते अपाङ्गता र सहिद वेपत्ता भएका व्यक्तिलाई जीवन निर्वाह तथा सहिद स्मृति भत्ता वितरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यविधि र निर्देशिकाहरु तर्जुमा गरी प्रदेश भित्रका जिल्ला प्रशासन कार्यालय र स्थानिय तहहरुसँग समन्वय गरी तथ्याङ्क संकलन कार्य भइरहेको छ।

३१. लोककल्याणकारी विज्ञापन मार्फत आमनागरिकहरुमा सचेतना प्रसार गरिएको छ । कर्णाली प्रदेश भित्रका ६७ वटा सञ्चार माध्यमसँग सम्झौता गरी लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण कार्य भइरहेको छ।

३२. नविनतम् प्रविधिको उच्चतम् प्रयोग गरी नागरिकको सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार गर्न डिजिटल कर्णालीको गुरुयोजना निर्माणका लागि कार्य क्षेत्रगत शर्त (TOR) को मस्यौदा तयार गरिएको छ।

३३. साना सिँचाई निर्माण तथा मर्मत संभार कार्यक्रम तर्फ ७३२ वटा सिंचाई योजना मध्ये ५९७ वटा सिचाई योजनाहरु सम्झौता भई निर्माण भैरहेकोमा १६४ वटा योजना सम्पन्न भै करिव ३ हजार १ सय १६ घरधुरि लाभान्वित भएको र ४ सय ९२ हेक्टर क्षेत्रफलमा सिचाई सुविधामा सुधार गरिएको छ।

३४. हिँउदे फलफुल क्षेत्र विस्तारका लागि ४९ हजार ८ सय स्याउ, २६ हजार ४ सय ३६ ओखर, ८ हजार ९ सय किवी र ६ सय ड्रागनफ्रुट गरी जम्मा ८५ हजार ७ सय ३६ विरुवा वितरण गरी करीब २ सय १५ हेक्टर क्षेत्रफलमा फलफूल खेती विस्तार भई ३ सय ५ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्।

३५. सुर्खेत र रुकुम पश्चिम जिल्लाको विभिन्न स्थानमा जग्गा भाडामा लिई व्यवसायिक रुपमा खेती गर्ने ९७ जना कृषकलाई जग्गा भाडामा ५० प्रतिशत अनुदान उपलब्ध गराएको र उक्त कार्यक्रमबाट थप करीब २ सय जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरी हाल व्यवसायिक खेती गरी रहेका छन।

३६. कृषि व्यवसाय प्रवर्द्धन तथा रोडकोरिडोर कार्यक्रमबाट ३२४ प्लाष्टिक घर निर्माण भै ९१ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्।

३७. एक सय बेरोजगार कृषि प्राविधिकहरुलाई स्वरोजगार कार्यक्रममा समावेश गराइएको छ।

३८. पशु स्वास्थ्य सेवा कार्यक्रम मार्फत १ लाख ८ हजार ४ सय पशुपन्छीहरुको उपचार तथा रोगको निदान गरिएको छ । ९ लाख २५ हजार पशुपन्छीमा पीपीआर खोरेत रानीखेत लगायतका खोप लगाईएको र १ हजार ७ सय १५ गाइ भैसी र बाख्रामा कृत्रिम गर्भाधान गरी नश्ल सुधार गरिएको छ।

३९. प्रदेशका विभिन्न जिल्लाहरुबाट तरकारी, किवी, अदुवा, दुध, र खसि बोकाहरु प्रमुख शहरहरु नेपालगन्ज, बुटवल, दाङ, पोखरा, काठमाण्डौँ र धनगढीमा निर्यात भै करिब १ अर्ब ५ करोड बराबरको पूँजी भित्रिएको छ।

४०. वर्षे आलु वीउमा प्रदेश आत्मनिर्भर वनाउनको लागि आलुको वीउ उत्पादन कार्यक्रम सञ्चालन गरीएको छ । खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावलीको पहिलो संशोधन (२०७९।१२।०८ गतेमा ) गरी प्रदेश खाद्य परिषदमा कृषकको प्रतिनिधित्व सुनिश्चितता गरिएको छ ।

४१. सहकारी नियमावलीको मस्यौदा तयार गरी सहमतिका लागि सम्बन्धित मन्त्रालयमा पठाईएको छ ।

४२. प्रदेश मन्त्रालयहरुको एकिकृत भवन बनाउने कार्यको विस्तृत सम्भाव्यता अध्ययन कार्य सम्पन भई उक्त कार्यक्रमलाई बहुवर्षिय आयोजना बनाउने कार्य प्रक्रिया अगाडी बढाइएको छ । सरकारी कार्यालयहरुको घेरा पर्खाल निर्माणको कार्यको लागत अनुमान कार्य अन्तिम चरणमा पुगेको छ ।

४३. सुर्खेतस्थित शहिद पार्क सडक कालोपत्रे, झ्यानझ्याने खोला सडक, ५ किलोमिटर सडक कालोपत्रे गरिएको छ । बाबियाचौर कुइने सडक निर्माण कार्य तीब्र गतिमा भईरहेको छ । प्रदेश लोकमार्ग सम्बन्धी ऐन निर्माणको सैद्धान्तिक सहमति दिइएको छ ।

४४. यातायात व्यवस्था कार्यालय सुर्खेतको लागि आवश्यक ट्रायल सेन्टर निर्माणको लागि ठेक्का भइसकेको र यातायात व्यवस्था सेवा कार्यालय रुकुम पश्चिमवाट सेवा सुचारु भएको छ ।

४५. एकीकृत बस्ती विकास कार्यक्रम सम्बन्धी नियमावली स्वीकृत भई कार्यक्रम सञ्चालनको प्रक्रियामा रहेको छ । १३ वटा योजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत तथा ६ वटा आयोजनाको कार्यक्षेत्रगत शर्त (TOR) स्वीकृत भएको छ ।

४६. ग्रामिण पहुँच सुधार कार्यक्रम (RCIP) र प्रदेश तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम (PLRCIP) को लागि संगठन संरचना स्वीकृत गरिएको छ । ग्रामिण पहुँच सुधार कार्यक्रम (RCIP) अन्तर्गत आयोजनाहरुको लागत अनुमान तयारी र परामर्श दाता परिचालन लगाएतका अन्य कार्यहरु अगाडी बढाइएको छ । झोलुङ्गेपुल रणनीतिको प्रारम्भिक मस्यौदा तयार भइसकेको र २१ वटा झोलुङ्गे पुल निर्माणकार्य सम्पन्न भएको छ ।

४७. प्रदेश सुशासन केन्द्रको प्रशिक्षणमैत्री नयाँ भवन निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार भई बोलपत्र आह्वानको चरणमा रहेको र जुम्लाको सिंजामा आवासिय तालिम केन्द्रको पूर्वाधार निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयारीको कार्य अगाडि बढाइएको छ ।

४८. प्रदेश राजधानी वीरेन्द्रनगरको वातावरण विकास, भूउपयोग, आर्थिक सामाजिक पूर्वाधार विकास, भौतिक पूर्वाधार विकास, यातायात लगायतका विषय समेटी स्थानगत एकीकृत विकास योजना बनाउन परियोजना अवधारणा स्वीकृत गरी आवश्यक प्रक्रिया अगाडि

बढाइएको छ । प्रादेशिक सडक गुरुयोजना (PRMP) निर्माणको प्रकृया अघि बढाइएको छ । बाढी पहिरोबाट भएको क्षतीको विवरण संकलन गरी आवश्यक रकम व्यवस्थापन गर्न पहल गरिएको छ ।

४९. विद्युत विधेयकको मस्यौदा तयार गरी सरोकारवालाहरुसँग छलफलको क्रममा रहेको छ । कर्णाली उज्यालो कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि तर्जूमा भई कार्यक्रम सञ्चालनको प्रक्रियमा रहेको छ ।

५०. प्रदेश अस्पताल सुर्खेतको पूर्वाधार विकासको लागि बहुवर्षीय आयोजना तयार गरी कार्यान्वयनको सुरुवात भएको छ । विशेषज्ञ चिकित्सक करार पदपूर्तिको लागि प्रारम्भिक कार्य सुरु भएको छ । प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट थप प्रयोगशालाहरूको सुरुवात र स्तरवृद्धि गरिएको छ ।

५१. प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको स्थापना भएको (साविकको आयुर्वेद औषधालय) छ । प्रदेशमा उपलब्ध जडिबुटीबाट आयुर्वेदिक औषधी उत्पादन सुरु गरिएको छ ।

५२. सम्भावित कोभिड नियन्त्रण तथा प्रतिकार्यको लागि मन्त्रालय र मातहतका कार्यालयहरूमा सजगता अपनाइएको तथा मातहतका कार्यालयहरूमा सजगता अपनाउनको लागि निर्देशन गरिएको छ ।

५३. सुर्खेतको भेरीगंगा नगरपालिकामा ५० शैयाको प्रादेशिक सरुवा रोग अस्पताल निर्माण गर्न जग्गा प्राप्तिको लागि वन विभागसँग सम्झौता भई निर्माणको प्रारम्भिक कार्य आरम्भ गरिएको छ । मानसिक स्वास्थ्य सेवा रणनीति एवं स्वास्थ्य रणनीतिक क्षेत्र कार्ययोजना तयार भएको छ । टेलिमिडिसिन, विपन्न नागरिक स्वास्थ्य सेवा तथा स्वास्थ्य वीमा एवं सुत्केरी पोषण उपहार कार्यक्रम सञ्चालन, एकीकृत छात्रवृत्ति वितरण र लोपोन्मुख तथा सिमान्तकृत समुदायको आयआर्जन कार्यक्रम सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

५४. निशुल्क रुपमा उपलब्ध गराइएने औषधीको खरिद गरी नियमित रुपमा आपूर्ति गर्ने व्यवस्था मिलाइएको छ । ८ हजार जनसंख्यालाई अन्तरङ्ग स्वास्थ्य सेवा र ५ लाख जनसंख्यालाई बहिरङ्ग स्वास्थ्य सेवा उपलब्ध गराइएको छ । प्रदेश अस्पताल सुर्खेतमा मृगौला प्रत्यारोपण कार्यको सुरुवात गरिएको छ ।

५५. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडिहरूलाई प्रोत्साहन स्वरुप पुरस्कार वितरण गरिएको छ । प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ ।